# नेपाल राजपत्र

## भाग २

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २५] काठमाडौं, कात्तिक ३० गते २०३२ साल [अतिरिक्ताङ्क ३६

श्री ५ को सरकार

### कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाह देवबाट जारी गरिबक्सेको तल लेखिएबमोजिमको अध्यादेश सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छः–

२०३२ सालको अध्यादेश नं. २

**स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर श्री स्वराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाह देव देवानाम् सदा समरविजयिनाम् ।**

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

252

# गाउँ पञ्चायत तथा नगर पञ्चायतका प्रधान पञ्च, उप–प्रधान पञ्च र सदस्यहरूको पदावधि कायम राख्ने व्यवस्था गर्न बनेको अध्यादेश

प्रस्तावनाः– गाउँ पञ्चायत तथा नगर पञ्चायतहरूका प्रधान पञ्च, उप–प्रधान पञ्च र सदस्यहरूको पदावधि २०३२ साल कार्तिक मसान्तमा समाप्त हुने भैरहेकोमा सो पद पूर्तिको लागि निर्वाचन नभएसम्म तत्काल कायम रहेका प्रधान पञ्च, उप–प्रधान पञ्च र सदस्यहरूको पदावधि कायमै राख्न तत्काल कानूनी व्यवस्था गर्न आवश्यक भएको र हाल राष्ट्रिय पञ्चायतको अधिवेशन नभएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाह देवबाट नेपालको संविधानको धारा ५७ अनुसार यो अध्यादेश जारी गरिबक्सेको छ।

१. संक्षिप्त नाम, विस्तार र प्रारम्भः– (१) यो अध्यादेशको नाम "गाउँ पञ्चायत तथा नगर पञ्चायतका प्रधान पञ्च, उप–प्रधान पञ्च र सदस्यहरूको पदावधि कायम राख्ने अध्यादेश, २०३२" रहेको छ।

(२) यो अध्यादेश नेपाल अधिराज्यभर लागू हुनेछ।

(३) यो अध्यादेश तुरुन्त प्रारम्भ हुनेछ।

२. गाउँ पञ्चायत तथा नगर पञ्चायतका प्रधान पञ्च, उप–प्रधान पञ्च र सदस्यहरूको पदावधि कायम रहनेः– यो अध्यादेश प्रारम्भ हुँदाका बखत कायम रहेका गाउँ पञ्चायत तथा नगर पञ्चायतका प्रधान पञ्च, उप-प्रधान पञ्च र सदस्यहरूको पदावधि प्रचलित नेपाल कानूनबमोजिम २०३२ साल कार्तिक मसान्तमा समाप्त हुने भइरहेको भए पनि सो पद पूर्तिको लागि निर्वाचन नभएसम्म तत्काल कायम रहेका प्रधान पञ्च, उप–प्रधान पञ्च र सदस्यहरूको पदावधि कायमै रहेको मानिनेछ।

३. बाधा अडकाउ फुकाउने अधिकारः– यो अध्यादेश कार्यान्वित गर्न कुनै बाधा अडकाउ परेमा श्री ५ को सरकारले सो बाधा अडकाउ फुकाउनको लागि ने[पाल] राजपत्रमा सूचना प्रकाशित गरी आवश्यक आदेश जारी गर्न सक्नेछ।

लालमोहर सदर मिति २०३२।७।३०।१

आज्ञाले–

चूडामणिराजसिंह मल्ल

श्री ५ को सरकारको सचिव

श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।